भिमाद नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल

२०७३

भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिमाद, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

## आ.व. २०८२/०८३ को लागि विज्ञापन कर एवम शुल्क संकलनको ठेक्का सम्बन्धी दररेट आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा (११) को घ को (१) बमोजिम यस नगरपालिका क्षेत्रभित्र रहेका होर्डिङ्ग बोर्ड, वाल पेन्टिङ्ग र अन्य विज्ञापन कर संकलन गर्नको लागि इच्छुक फर्म, कम्पनी वा व्यक्तिबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी दररेट सम्बन्धी प्रस्तावपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| क्र.स. | विवरण | मु.अ. कर र अग्रीम आयकर बाहेकको न्यूनतम जम्मा रकम रु |
|---|---|---|
| १ | विज्ञापन कर | ७५,०२८।- |

शर्तहरुः

१. दरभाउपत्र खरिद गर्न इच्छुक दरभाउपत्रदाताले मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ सम्मको फर्म नविकरण, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र पेश गरी सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अर्थात २०८२/०७/३० गते सम्म कार्यालय समयभित्र रु. १०००।- दस्तुर तिरि दरभाउपत्र फाराम भिमाद नगरपालिकाको कार्यालयबाट खरिद गर्नुपर्नेछ।

२. सूचना प्रकाशित भएको आठौ दिन अर्थात २०८२ साल मंसिर १ गते दिउसो १२ बजे भित्र आवेदकले माथि उल्लेख कागजातका साथ आफुले कवोल गरेको अंक सहित दरभाउपत्र दर्ता गराउनु पर्नेछ।

३. दरभाउपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दरभाउपत्र केरमेट भएको स्थानमा स्पष्ट सहिछाप गरेको हुनुपर्नेछ।

४. रित पूर्वक दर्ता भएको दरभाउपत्र आठौं दिन अर्थात २०८२ मंसिर १ गते दिनको २ बजे भिमाद नगरपालिका कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र खरिद गर्न, दरभाउपत्र दर्ता गर्न र दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न आएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सो कार्यको लागि तोकिएको अन्तिम दिन मानिनेछ ।

६. आफुले कबोल गरेको अंकको कम्तीमा ५ प्रतिशतले हुने रकम बराबरको मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयका नाउमा जारी गरेको ७५ दिन म्याद भएको बैंक जमानत (Bid Bond) वा यस नगरपालिकाको NIC ASIA बैंक भिमाद शाखाको धरौटी खाता (खाता नं. A7CA500649524004) मा नगद जम्मा गरेको भौचर दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत

भिमाद नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल

२०७३

७. दरभाउपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको थप छुट, मिनाहा वा माफी दिइने छैन।

८. आ.व. २०८२/०८३ को लागि कर संकलन अवधि सम्झौतामा उल्लेख भएको मिति देखि २०८३ असार १५ गतेसम्म हुनेछ।

९. शर्त सहित पेश गरेको रीत नपुगि वा म्याद नाघि आएको, न्यूनतम रकम भन्दा घटी कबोल गरेको र यस कार्यालयबाट प्रमाणित नगरी बिक्री गरेको, दरभाउपत्र फाराम पेश नगरेको दरभाउपत्र फर्मलाई मान्यता दिइने छैन ।

१०. करका दरहरु नगर कार्यपालिकाले तोके बमोझिम हुनेछन।

११. दरभाउपत्रदाताले कबोल गरेको रकममा १३ प्रतिशत मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आयकर थप गरी कबोल अंक कायम गरिनेछ र उक्त रकम दरभाउपत्र दाताले एकमुष्ठ रुपमा बुझाउनु पर्नेछ ।

१२. यस सूचनामा उल्लिखित शर्तहरुका अतिरिक्त सम्झौता पत्रमा उल्लेख भए अनुसारका शर्तहरु र अन्य विषयवस्तुहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१३. यस नगरपालिकाको हितलाई ध्यानमा राखी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिका यस कार्यालयमा सुरक्षित रहनेछ।

१४. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०६५-५७२४३६ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ साथै यस कार्यालयको website www.bhimadmun.gov.np बाट समेत जानकारी लिन सकिनेछ ।

२०८२/६/२८

कमलप्रसाद पुन

प्रमुख प्रशासकीय अधिकृत